# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ९ संख्याः १ भाद्र १९, २०८२

**भाग - २**

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको**

**सूचना**

## आपतकालिन बालउद्धार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**सम्वत २०८२ सालको कार्यविधि नं. १**

**प्रस्तावनाः**आपतकालमा रहेका बालकालिकाहरुको उद्धार तथा पुनर्स्थापना कार्यका लागि आपतकालिन बालउद्धार कोष खडा गर्न वान्छनीय देखिएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको कार्यपालिकाको मिति २०८२/०५/१३ गतेको बैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यो दफाहरुको नामः- मुसिकोट नगरपालिकाको आपतकालीन बालउद्धार कोष सञ्चालन कार्यविधि २०८२ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कोष" भन्नाले दफा ३ बमोजिमको आपतकालिन बाल उद्धार कोष सम्झनु पर्छ

(ख) "जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको बालबालिका

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेको बालबालिका

(३) यौनशोषण यौन दुर्व्यवहार बेचविखन तथा ओसारपसारमा परेका बालबालिका

(४) सडक बालबालिका र सडकमा रहेका

(५) अलपत्र वा वेवारिसे भएका बालबालिका

(६) बाबु आमा वा संरक्षकबाट बन्चित भएका बालबालिका

(७) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित भएका बालबालिका

(८) अपांगता भएका

(९) सुस्तमनस्थिति भएका

(१०) एचआइभी संक्रमित भएका बाट जन्मिएका बालबालिका

(११) प्राकृतिक प्रकोप तथा दैवी विपदमा परेका बालबालिका

(१२) दुर्घटना भएका वा मानव सिर्जित विपदमा परेका

(१३) बन्धक बनाइएका वा जवरजस्ती श्रमबाट पीडित भएका

(१४) घरेलु कामदारका रुपमा लगाइएका वा कमलरी भएका

(१५) हिंसाबाट प्रभावित बालबालिका

(१६) बाल अधिकार समितिले तोकेका वा अन्य (बालबालिका ।

(१७) बाबु आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे भएका बालबालिका

(ग) "समिति" भन्नाले दफा ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. **बालकोष स्थापनाः** (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसापीडित बालबालिकालाई तत्काल उद्धार, राहत, र पुनस्थापना गर्ने काम समेतको लागी आपतकालिन बालउद्धार कोष सहयोगार्थको लागी स्थानीय तहस्तरमा एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) नगरपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट,

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितिबाट बालअधिकार प्रचलन गराउने सिलसिलामा बालबालिकाविरूद्ध भएको उल्लङ्घन वापत साबालक व्यक्तिलाई गरिएको जरिवाना रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य तोकिएका आम्दानी,

४. **कोषमा रकम जम्मा गर्नेः** बालबालिकाको उद्धारको लागि नगरपालिकाले बार्षिक रुपमा कोष छुट्याउनु पर्नेछ ।

**५. कोषको प्रयोग प्रयोजनः** (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउने

(२)बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि कोषको कुल खर्चको पाँच प्रतिशत सम्मको रकम समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

**७. कोष सञ्चालक समितिः** (१) स्थानीय तहमा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछ:-

(क) स्थानीय बाल अधिकार समितिको अध्यक्ष, - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) नगरस्तरीय सामाजिक विकास समितिको संयोजक वा प्रतिनिधि - सदस्य

(ङ) नगरस्तरी बाल सञ्जालको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) बालबालिकाको क्षेत्रमा कार्यरत संघ सस्था मध्यबाट स्थानीय बाल अधिकार समितिले तोकेको १ जना - सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**८. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) तत्कालीन समयमा नगरपालिका भित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा

रहेका नगरपालिकास्तरीय बालसंरक्षण समिति, नगर बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

९. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः (१) समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ,

(घ) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ,

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ,

(ज) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुनेछ,

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् ।तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

१०. **बालकोषको खर्चका सीमाः** (१) बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित तथा जोखिममा परेका बालबालिकालाई अधिकतम रू. दश हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि,

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी

सहायतामा लाग्ने खर्च अधिकतम रू. पच्चीस हजार सम्म,

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति एवं सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. पाँच हजार सम्म

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

**११. कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा संचालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

**१२. रकम फ्रिज नहुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**१३. कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

**१४. बैठक भत्ताः** समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

**१५. अभिलेख राख्नेः** समितिले आफुले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१६. निर्देशन दिन सक्नेः** (१) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१७. कोष खारेज हुन सक्नेः** (२) कुनै कारणबस कोष सञ्चालन गर्न आवस्यक नभएमा नगरकार्यपालिकाले खारेज गर्न सक्नेछ

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेका रकम नगरपालिकामा स्वतः हस्तान्तरणहुनेछ ।

## अनुसूचि-१
## आर्थिक सहायता (राहत) को लागि दिने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मुसिकोट नगरपालिका, रुकुम पश्चिम ।

विषयः- आर्थिक सहायता (राहत) उपलब्ध गराइ पाँउ भन्ने बारे ।

प्रस्तुत विषयमा मुसिकोट नगरपालिका वडा नं.......बस्ने श्री.........................को छोरा/छोरी वर्ष......का श्री.................. को ..................कारण समस्या परेको हुनाले नियमानुसार आर्थिक सहयोग गरी पाँउ भनि आवस्यक कागजात सहित यसै निवेदन साथ पेश गरेको छु ।

निवेदक
नामः
ठेगानाः
दस्तखतः

मितिः २०८२/०५/१९

**आज्ञाले,**
**मोहन प्रकश गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**